RADIANT COACHING
WINTER CRASH COURSE
2017-18
CLASS X & XII
ALL SUBJECT
Contact: 9733414256
7586865692
Tiber Road, Gangtok.

सिक्किम र आसामबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति

BRILLIANT COACHING
"success is our motto"
Register yourself in the Premier Institute
for Winter Crash Course 2017-18
Highly Experienced faculties for
PHYSICS, CHEMISTRY, MATHEMATICS & BIOLOGY
If not satisfied Full Fees will be refundable
facebook.com/brilliant.coaching
Gangtok - 03592 201090 / Siliguri - 0353-2576611 / Cell: 97332 97367

वर्ष - १८, अंक - २६७ ■ वि.सं. २०७४, मंसीर २१ गते ■ गान्तोक, बिहीवार, ०७ दिसम्बर, २०१७ www.hamroprajashakti.com ■ DECEMBER 07, 2017 THURSDAY, GANGTOK ■ मूल्य ₹ ५/-

## बन्दको क्षतिपूर्ति माग्दै सह श्रमआयुक्तलाई श्रमिकहरूको हस्ताक्षर संग्रहको प्रतिलिपि

*प्रजाशक्ति संवाददाता*

**दार्जीलिङ, ६ दिसम्बर।** क्षतिपूर्तिको माग गर्दै चियाश्रमिकहरूले सह श्रमआयुक्तलाई बुधवार हस्ताक्षर संग्रहको प्रतिलिपि बुझायो। पहाड़मा भएको १०४ दिने बन्दको अवधि चियाश्रमिकहरूको भएको क्षतिपूर्ति राज्य सरकार अनि जीटीए बोर्ड अफ एडमिनिस्ट्रेशनले दिनुपर्ने माग क्रामाकपाको श्रमिक संगठन दार्जीलिङ, तराई, डुवर्स चियाकमान मजदूर युनियनले गर्दै आइरहेको छ। युनियनका सहसचिव सुनील राईले बताएअनुसार १०४ दिनको बन्द श्रमिकहरूले गरेका होइनन् त्यसकारण बन्दको अवधि चियाश्रमिकहरूले रोज-राशिन केही पनि पाएका छैनन् र अब ती सबै राज्य सरकार र जीटीए सभाले भुक्तान गर्नुपर्छ। सरकारी अनि जीटीए कर्मचारीहरूले बन्दको अवधिको रोकेर राखिएको मासिक वेतनहरू सबै भुक्तान गर्ने घोषणा गरिसकेका छन् तर चियाश्रमिकहरूले बन्दको अवधिमा भएको क्षतिपूर्ति किन पाउँदैनन्? सहसचिव राईले प्रश्न गरे।

क्षतिपूर्तिको मागमा गत ८ नोभेम्बर जीटीए बोर्ड अफ एडमिनिस्ट्रेशन-का चेयरम्यान विनय तामङसँग दातडुचिकमयु टोलीले भेट गरी २९ नोभेम्बर सिलगड़ीको पिण्टेल भिलेज बैठकमा राज्य सरकारसँग चियाश्रमिकहरूको क्षतिपूर्तिको कुरा उठाइदिने माग गरेको थिए। त्यसरी नै २३ नोभेम्बर जिल्लापाल र सह श्रमआयुक्तसँग भेट गरेर ज्ञापन पत्र चढ़ाएका थिए तर २९ नोभेम्बरको बैठकमा श्रमिकहरूको क्षतिपूर्ति बारे केही कुरा नभएकोले क्रामाकपा श्रमिक संगठनले आन्दोलनको घोषणा गर्दै सर्वप्रथम श्रमिकहरूको हस्ताक्षर संग्रह गरेर सह श्रमआयुक्तलाई बुझाउने निर्णय लिएका थियो जसअन्तर्गत बुधवार मजदूर युनियनको सिंगताम शाखाको नेतृत्व गर्दै ए.डी. राईले चार सय, ओक्स चियाकमानको नेतृत्व गर्दै प्रेम कुमार गिरी र महेन्द्र छेत्रीले तीन सय पास अनि सिडर चियाकमानको पक्षबाट एस.के. राईले नेतृत्व गर्दै दुइ सय पचास हस्ताक्षर संग्रह गरेको प्रतिलिपि सह श्रमआयुक्तलाई तिनको कार्यलयमा गएर हस्ताक्षरको प्रतिलिपि सुम्पिए।

गत २७ नोभेम्बरदेखि शुरू गरिएको हस्ताक्षर संग्रह कार्यक्रम आउँदो २० दिसम्बरसम्म जारी रहने बताउँदै राईले त्यसपछि दार्जीलिङ तराई डुवर्स चियाकमान मजदूर युनियन केन्द्रिय समितिकोको बैठक बसेर भावी कार्यक्रमहरूको रूपरेखा तयार गरिने जनाए। युनियनले चियाश्रमिकहरूको क्षतिपूर्तिको मागमा आवश्यक परेको खण्डमा १२ घण्टाको क्रमिक अनशन, धरना आदि कार्यक्रमहरू गर्ने बताको छ।

## एसआरएम विश्वविद्यालयको प्रथम दीक्षान्त समारोह
## मुख्यमन्त्री चामलिङलाई डक्टरेटको उपाधी




**गान्तोक, ६ दिसम्बरः** श्री रामाशामी स्मारक विश्वविद्यालय (एसआरएम विश्वविद्यालय)-ले आज आफ्नो प्रथम दीक्षान्त समारोह पालन गऱ्यो। यस अवसरमा विश्वविद्यालयले मुख्यमन्त्री पवन चामलिङलाई मानद उपाधी प्रदान गरेको छ। आज यहाँको चिन्तन भवनमा आयोजित विश्वविद्यालयको पहिलो दीक्षान्त समारोहमा मुख्य अतिथिको रूपमा उपस्थित राज्यपाल श्रीनिवास पाटिलको बाहुलीबाट मुख्यमन्त्रीलाई विधिवत रूपमा डक्टरेट उपाधी प्रदान गरेको हो। साहित्यको क्षेत्रमा उल्लेख्य योगदानको कदर गर्दै मुख्यमन्त्री चामलिङलाई मानद उपाधी प्रधान गरेको बताइएको छ।

दिक्षान्त समारोहमा यस वर्ष एसआरएम विश्वविद्यालयले स्नातकमा प्रथम जत्थाका विद्यार्थीहरूका लागि मार्ग प्रशस्त गर्दै सफलतापूर्वक तीन वर्षको यात्रा पूरा गरेको छ। शैक्षिक सत्र २०१५-१६ अनि २०१६-१७-मा उतीर्ण विद्यार्थीहरूलाई डिग्री प्रदान गर्न आज यहाँको चिन्तन भवनमा यस विश्वविद्यालयले गर्वका साथ प्रथम

▶रहल पाता २-मा

## खरसाङबाट बेपत्ता भएका ५ छात्र बिहारमा उद्धार

**सिलगढ़ी, ६ दिसम्बर।** खरसाङको एउटा स्कूलबाट भागेका पाँचजना छात्रलाई नवगछिया आरपीएफले बिहारको कटिहारनजीक एउटा रेलवे स्टेशनबाट उद्धार गरेको छ। उद्धार गरिएका विद्यार्थीहरूका अभिभावकहरूलाई यसबारे सूचित गरिएको छ। पाँचै छात्रलाई अहिले चाइल्ड लाइनको हातमा सुम्पिएको आरपीएफ सूत्रले जनाएको छ। उद्धार गरिएका पाँच छात्र खरसाङको एउटा बोर्डिङ स्कूलका नवौं श्रेणीका विद्यार्थी बताइँदैछ।

आरपीएफले उद्धार गरेका विद्यार्थीहरूमा बिहारको नालन्दाका सत्यम कुमार र रणि प्रसाद, मोतिहारीका सचिन कुमार, दार्जीलिङका जितेन राई र किशनगञ्जका अनक घोष छन्। यिनीहरू स्कूलबाट भागेको घटनाबारे जीआरपी र आरपीएफलाई पनि सूचित गरिएको थियो। बिहारको कटिहारनजीक सेमापुर स्टेशनमा उद्देश्यहीन घुमिरहेको देखेपछि आरपीएफले तिनीहरुलाई उद्धार गरेको सूत्रले जनाएको छ।

## जीटीए शिक्षण र अशिक्षण कर्मचारीहरूको वेतन अनलाइन हुने

**सिलगढ़ी, ६ दिसम्बर।** पहाड़मा गोर्खाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशन (जीटीए) अधीन रहेका राज्य सरकारद्वारा सहायताप्राप्त विद्यालयका शिक्षण र अशिक्षण कर्मचारीहरूको अब अनलाइन वेतन शुरू हुँदैछ। जीटीए अधीनामा रहेका सरकारी सहायताप्राप्त विद्यालयका शिक्षक-शिक्षिका र अशिक्षण कर्मचारीहरूले नयाँ वर्षदेखि महीनाको पहिलो दिन नै वेतन पाउनेछन्। पहाड़का शिक्षण र अशिक्षण कर्मचारीहरूलाई अनलाइन वेतन दिने प्रक्रिया शुरू गर्नअघि राज्यको शिक्षा मन्त्रालयका एउटा प्रतिनिधि दल आज-भोलिभित्र नै सिलगड़ी हुँदै पहाड़ पुग्नेछ। प्रतिनिधि दलको नेतृत्व शिक्षा मन्त्रालयका संयुक्त निदेशक देवाशिस सरकारले गरिरहेका छन्। प्रतिनिधि दलले जीटीए अधीन रहेका दार्जीलिङ र कालेबुङ दुवै जिल्लाका सरकारी सहायताप्राप्त स्कूलहरूको भ्रमण गर्ने कार्यक्रम छ।

स्मरण रहोस्, राज्य सरकारले सन् २०१३ मा नै सरकारी र सरकारी सहायता प्राप्त शिक्षण-अशिक्षण कर्मचारीहरूको अनलाइन वेतन व्यवस्था शुरू गरेको हो। फलस्वरूप अहिले राज्यका सरकारी र सरकारी सहायताप्राप्त स्कूलका शिक्षक-शिक्षिकाहरूको वेतन महीनाको पहिलो तारीख नै तिनीहरूको ब्यांक एकाउण्टमा जमा हुन्छ। राज्यको समतल क्षेत्रमा यो व्यवस्था शुरू भएको चार वर्ष भइसक्यो। तर विविध कारणले

▶रहल पाता २-मा

## सिक्किमतिर भित्राइरहेको प्रतिबन्धित नशालू औषधिसहित दुई युवक पक्राउ

**कालेबुङ, ६ दिसम्बर।** राष्ट्रिय राजमार्ग १० मा फेरि भारी मात्रामा प्रतिबन्धित नशालू औषधि फेला पारियो। कालेबुङ जिल्ला पुलिसले छिमेकी राज्य सिक्किमतिर भित्राइरहेको उक्त औषधिसितै दुइ युवकलाई पक्राउ गरेको छ। कालेबुङ जिल्ला पुलिस अन्तर्गत मल्ली चेकपोष्टका प्रभारी देवनारायण घिसिङ, एएसआई वरूण विश्वकर्म, एएसआई समीर लेप्चा अनि टोलीले मंगलवार राति ११ बजे सिलगढ़ीदेखि सिक्किमतिर गइरहेको एसके ०१जेद ०५३५ नम्बरधारी इनोभा वाहनलाई राष्ट्रिय राजमार्गको ७ माइल क्षेत्रमा शंकाको आधारमा रोकेर तलासी लिंदा एउटा ब्यागभित्र राखिएको ९५ बोतल फेनसाइरेक्स कफ सिरप फेला पारे। वाहनमा सवार दुइ युवक भाग्ने प्रयास गरे पनि पुलिसले तिनीहरूलाई तत्कालै पक्राउ गऱ्यो। पुलिसको कब्जामा रहेका दुइ आरोपी युवकहरूमध्ये एक वाहन चालक पूर्व सिक्किम माखा रालेप बस्ती निवासी वीरबहादुर लिम्बु (२८) र अर्को सिङताम सेरवानी निवासी पेमा छिरिङ भोटिया (१९) रहेको बताइएको छ। पुलिस सूत्र मार्फत थाहा लागे अनुसार उक्त वाहन पर्यटकहरू लिएर हिंड़ने गर्दछ। यसरी नै पर्यटकहरूलाई सिलगढ़ीमा छोड़ेर नशालू औषधि लिएर सिक्किम जाने क्रममा पुलिसले पक्राउ गरेको थियो।

SRM UNIVERSITY SIKKIM
(Estd. Under SRMUS Act, 2013)
SHRI RAMASAMY MEMORIAL UNIVERSITY SIKKIM
Heartiest Congratulations
On the Conferment of the Degree of
Doctor of Literature (Honoris Causa)
to the
Hon'ble Chief Minister of Sikkim

on the
First Convocation
of
Shri Ramasamy Memorial University, Sikkim
REGISTRAR
SRM University, Sikkim
5th Mile Tadong, Gangtok-737102
Phone: +91 3592231198